निसीखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**देविस्थान, बागलुङ**

**गण्डकी प्रदेश, नेपाल**

प.सं. २०७७/०७८

च.नं. ३३२

मिति : २०७७/०८/२३

विषय - जानकारी सम्बन्धमा ।

श्री वडा कार्यालय (७ बटै)
निसीखोला गाउँपालिका

प्रस्तुत विषयमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय गण्डकी प्रदेशको प.सं. ०७७/०७८ च.नं. ४७५ मिति २०७७/०८/२२ गतेको पत्रका साथ प्राप्त भएको सुचना सबै वडामा टास गरि सिप मुलक तालिमको लागि आवेदन संकलन गरि सहयोग गरि दिनु हुन अनुरोध छ ।

टीप बहादुर

निमित्त प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल।

फोन नं. ०६१-४६७०२२
०६१-४६७०३३
फ्याक्स नं. ०६१-४६७०११
Email: moialgd@gmail.com
Web: www.moial.gandaki.gov.np

पत्र संख्या:- ०७७/०७८
चलानी नं.:- ४०४

मिति:-२०७७।०८।२२

विषय:- सूचना टाँस गरिदिने सम्बन्धमा ।

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।
श्री जिल्ला समन्वय समिति, बाग्लुङ ।
श्री जिल्ला प्रशासन कार्यालय, बाग्लुङ ।
श्री स्थानीय तहहरु सबै, बाग्लुङ ।
श्री कृषि ज्ञान केन्द्र, पर्वत ।
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाग्लुङ।

यस मन्त्रालयको चालू आ.व. २०७७।०७८ का लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार शहीदका परिवार, अपांगता भएका र बेपत्ता व्यक्तिका परिवार एवम् द्वन्द्व पीडित व्यक्ति तथा परिवारलाई स्वरोजगार बनाई जीविकोपार्जनमा सघाउ पुर्याउने उद्देश्यले गोरखा जिल्लाका शहीदका परिवार, बेपत्ता व्यक्तिका परिवार एवम् अपांगता भएका र द्वन्द्व पीडित व्यक्ति तथा परिवारलाई प्रदान गरिने मोलभेडा खेती तालिम र बाख्रापालन तालिमका लागि आवेदन फाराम भर्ने सम्बन्धी यसै पत्रसाथ संलग्न सूचना पाना - १(एक) तहाँ कार्यालयको (सबै स्थानीय तहहरुले वडास्तर सम्म) सूचना पाटीमा टाँस गरी प्रचार प्रसार गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

(सुजना खनाल)
अधिकृत सातौं

मिसिखोला गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नं.:- २४३
मिति:- २०७७।०८।२२

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल

फोन नं. ०६१-५६००२२
०६१-५६००३३
फ्याक्स नं. ०६१-५६००११
Email: molalp4@gmail.com
Web:
www.molal.gandaki.gov.np

प्रथम पटक प्रकाशित मिति :- २०७७/०८/२२

## सीपमूलक तालिमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

यस मन्त्रालयको आ.व. २०७७।०७८ का लागि स्वीकृत कार्यक्रम अनुसार **शहीदका परिवार**, **अपांगता भएका र बेपत्ता व्यक्तिका परिवार एवम् द्वन्द्व पीडित व्यक्ति तथा परिवारलाई** स्वरोजगार बनाई जीविकोपार्जनमा सघाउ पुर्याउने उद्देश्यले **गोलभेडा खेती र बाख्रापालन** सम्बन्धी सीपमूलक तालिम संचालन गर्ने कार्यक्रम भएको हुँदा उक्त तालिमहरु मध्ये कुनै एक तालिम लिन ईच्छुक बागलुङ जिल्लाका जिल्ला शान्ति समितिमा सूचीकृत शहीदका परिवार, द्वन्द्वका कारण अपांगता भएका, बेपत्ता व्यक्तिका परिवार एवम् द्वन्द्व पीडित व्यक्ति तथा परिवारले तपशील बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले तीस(३०) दिन भित्र (मिति २०७७।०९।२१ गते सम्म) कृषि ज्ञान केन्द्र पर्वतको सम्पर्क कार्यालय, बागलुङ (गोलभेडा खेतीका लागि) र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बागलुङमा (बाख्रापालनका लागि) निवेदन दर्ता गर्नुहुन जानकारी गराइन्छ । आवेदन फाराम सम्वन्धित कृषि ज्ञान केन्द्र एवम् भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा उपलब्ध हुनेछ, साथै यस मन्त्रालयको वेवसाईट molal.gandaki.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ । तालिमका लागि आवेदन दर्ता भई छनौट भएका प्रशिक्षार्थीहरुको नामावली प्रकाशन भएपश्चात् कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट तोकिएको समय र स्थानमा तालिम संचालन गरिनेछ ।

निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

ख) यस अगाडी यस्तै वा अन्य सीपमूलक तालिम लिएको भए सो को प्रमाण ।

ग) द्वन्द्वका कारण अपांगता/घाइते भएका व्यक्तिले द्वन्द्वका कारण अपांगता/घाइते भएको पुष्टि हुने कागजात ।

घ) बाबु / आमा / दाजुभाई / दिदीबहिनी शहीद वा बेपत्ता भएको भए सो को पुष्टि हुने कागजात।

ङ) परिवारको कुनै सदस्य स्वदेशमै वा विदेशमा रोजगार भएको भए सो को पुष्टि हुने कागजात।

च) विदेशमा काम गरी सीप आर्जन गरी आएको पुष्टि हुने कुनै कागजात ।

सम्पर्क:

१. कृषि ज्ञान केन्द्र, पर्वतको सम्पर्क कार्यालय बागलुङ: ९८६७७७५६२ /०६७ -४२०१३० (गोलभेडा खेती तालिमका लागि)

२. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बागलुङ: ०६८-५२२४७५ (बाख्रापालन तालिमका लागि)



२०७७/०८/२२
अधिकृत सातौं